नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३४ अंक १६९ २०८१ साल माघ १९ गते शनिबार (1 Feb. 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : संघीय संसद्को पाँचौं अधिवेशन ... ३ पृष्ठमा : संविधान संशोधन सबै दलको ... ३ पृष्ठमा : अमेरिकाको घातक ...

# नेपालमा पाठेघरको मुखको क्यान्सरबाट प्रत्येक दिन चार महिलाको मृत्यु

## माघ २३ देखी ३६ हजार ७ सय १ किशोरीलाई एचपीभी खोप दिइने



**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**

नेपालमा प्रत्येक दिन पाठेघरको मुखको क्यान्सरबाट चार महिलाको मृत्यु हुने गरेको तथ्याङ्क शुक्रबार सार्वजनिक गरिएको छ ।

जिल्ला खोप समन्वय समिती सप्तरीले जिल्ला स्वास्थ्य कार्यालयको समन्वयमा जिल्लामा माघ २३ देखी संचालन हुने एचपीभी खोप अभियानबारे जानकारी दिने उद्देश्यले आयोजना गरेको संचार क्षेत्रसँगको अभिमुखीकरण कार्यक्रममा उक्त तथ्याङ्क सार्वजनिक गरेको हो ।

कार्यक्रममा विश्व स्वास्थ्य संगठनका प्रतिनीधी एवं खोप अधिकृत सरला न्यौपानेले तथ्याङ्क प्रस्तुत गर्दै पाठेघरको मुखको क्यान्सरबाट नेपालमा दैनिक चार महिलाको मृत्यु हुने गरेको बताउँदै मृत्युदर घटाउन र महिलालाई पाठेघरको मुखको क्यान्सर रोगबाट जोगाउन अहिले नेपालमा एचपीभी खोप अभियान चलाइएको जानकारी समेत दिइन् ।

उनले जिल्लामा विद्यालय नजाने १० देखि १४ वर्ष उमेर समुह र विद्यालयमा कक्षा ६ देखी १० सम्म अध्ययनरत सबै किशोरी गरि ३६ हजार ७ सय १ जना किशोरीलाई लक्षित गरी अभियान चलाउन लागिएको बताइन् ।

नेपालमा क्यान्सरको कारणबाट महिलाहरुको मृत्यु हुनुमा पाठेघरको मुखको क्यान्सर नै पहिलो कारण देखिएको भन्दै अभियान सफल बनाउन सञ्चारकर्मीहरु समेतलाई सहयोग गर्न आग्रह गरिन । उनले हाल विश्वभरी प्रत्येक वर्ष ५ लाख ७० हजार महिलाको पाठेघरको क्यान्सरबाट मृत्यु हुने गरेको जानकारी दिँदै मृत्यु दर यस्तै रहेमा सन् २०३० सम्मा यो संख्या बढेर ७ लाख पुग्ने अनुमान गरिएको बताइन् ।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख देवकान्त झाले एचपीभी खोप अभियान माघ २३ देखी जिल्लामा दुई चरणमा संचालन हुने जानकारी दिए । पहिलो चरण माघ २३ देखी ३० सम्म जिल्लाको डाक्नेश्वरी नगरपालिका, बोदेबर्साइन नगरपालिका, सुरुङ्गा नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका तथा रुपनी गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, राजगढ गाउँपालिका र बलान विहुल गाउँपालिका संचालन हुने बताए ।

यस्तै दोश्रो चरण फागुन १ गतेबाट राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, सप्तकोशी नगरपालिका, कञ्चनरुप नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिका, तिरहुत गाउँपालिका, महादेवा गाउँपालिका, अग्नीसाईर कृष्णासवरण गाउँपालिका र विष्णुपुर गाउँपालिकामा संचालन हुने सो अवसरमा स्वास्थ्य कार्यालयका प्रमुख झाले जानकारी दिए ।

उनले उक्त अभियान मुलुकभर एकै दिन २२ माघ देखी संचालन हुने तय रहेपनि सप्तरीमा सरस्वती पुजा र त्यसको भोली पल्ट मुर्ती सेलाउन दिनमा विद्यालयहरु बन्द रहने भएका कारण यहाँ २३ माघदेखी अभियान थालिने निर्णय गरिएको बताए ।

जनस्वास्थ्य अधिकृत जागेश्वर खडकाले जिल्लामा एचपीभी खोप अभियान संचालनका लागी ४ सय ५० खोप केन्द्र कायम गरिएको र यसमा १ हजार भन्दा बढी स्वास्थ्यकर्मी परिचालन हुने जानकारी दिए ।

कार्यक्रममा जिल्ला खोप समन्वय समितिका अध्यक्ष एवं जिल्ला समन्वय समितिका प्रमुख शिव नारायण साह, प्रमुख जिल्ला अधिकारी भोला दाहाल लगायतले पनि बोल्दै खोप अभियान सफल बनाउन सबैले सहयोग गर्नू पर्नेमा जोड दिएका थिए ।

# विपन्न समुदायलाई लक्षित गरी नि:शुल्क स्वास्थ्य शिविर संचालन



**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**

सप्तरीको रुपनी गाउँपालिकाले विपन्न समुदायलाई लक्षित गरी शुक्रबारदेखी नि:शुल्क स्वास्थ्य शिविर संचालनमा ल्याएको छ ।

युनिक कलेज एण्ड टिचिङ अस्पतालको प्राविधिक सहयोग र सहकार्यमा स्थानीय स्वास्थ्य चौकी कटैयामा शुरु भएको नि:शुल्क स्वास्थ्य शिविरको एक कार्यक्रमबीच गाउँपालिका अध्यक्ष दिनेश कुमार यादवले उद्घाटन गरेका छन ।

सो अवसरमा उनले रकमको अभावमा उपचार गराउन नसकी रोग पालेर वस्न बाध्य भएका नागरिकलाई लक्षित गरी गाउँपालिकाले नि:शुल्क स्वास्थ्य शिवीर आयोजना गरेको बताए । वडा नं. ३ कटैयाबाट शुरु भएको नि:शुल्क स्वास्थ्य उपचार शिविर क्रमशः पालिकाको सबै ६ वटै वडामा पुऱ्याउने लक्ष्य रहेको उनले बताए ।

शिविरमा जेनरल फिजिसियनका साथै, मुटु, घाँटी, छाला, मानसिक, स्त्री, पाठेघर, हाडजोर्नी, दन्त, बाल, आँखा, कान लगायतको रोग सम्बन्धि नि:शुल्क उपचार सेवा प्रदान गरिने व्यवस्था मिलाइएको गाउँपालिकाका सूचना अधिकारी राम कुमार भगतले जानकारी दिए ।

शिवीरमा आउने विरामीका लागी विभिन्न परिक्षण तथा आवश्यक औषधीहरु पनि नि:शुल्क उपलब्ध गराउने ब्यवस्था मिलाइएको प्रमुख प्रशासकिय अधिकृत तारणी प्रसाद यादवले जानकारी दिए ।

युनिक कलेज एण्ड टिचिङ अस्पतालका प्रशासन प्रमुख सत्यनारायण यादवको व्यवस्थापन तथा डा.रविन्द्र चौधरीको नेतृत्वको विभिन्न रोगका विषेशज्ञ सहितको टोलीले उपचार सेवा प्रदान गर्न थालेको कटैया उपस्वास्थ्य चौकीका प्रमुख बैद्यनाथ मण्डलले जानकारी दिए ।

शिवीरको पहिलो दिन विरामीको घुँइचो लागे पनि विभिन्न स्वास्थ्य परिक्षण पश्चात ३० पुरुष र ३७ महिला गरी ६७ जना विरामीले पुर्ण उपचार सेवा प्राप्त गरेको उनले जानकारी दिए ।

कटैया शिविर सकिएपछि माघ २१, माघ २५, माघ ३०, फागुन १० तथा विभिन्न मितिमा गरी क्रमशः असार महिनासम्म उक्त शिविर पालिकाको सबै ६ वटै वडामा संचालन हुने तय भएको गाउँपालिकाले जनाएको छ ।

# संघीय संसद्को निर्वाचन गरेर स्थानीय तहको निर्वाचन गर्न प्रस्ताव

**दैनिक समाचारदाता**
**काठमाडौं, १८ माघ ।**

नेपाली कांग्रेसका सांसदहरूले संघीय संसद्को निर्वाचन गरेर स्थानीय तहको निर्वाचन गर्न प्रस्ताव गरेका छन् ।

शुक्रबार संसद् भवनस्थित ल्होत्से हलमा बसेको बसेको कांग्रेसको संसदीय दलको बैठकमा सांसदहरू नारायण खड्का, ईश्वरी न्यौपाने, देवप्रसाद तिमिल्सिनाले आगामी संघको निर्वाचन स्थानीय तहको निर्वाचनभन्दा पहिला गर्नेगरी आवश्यक व्यवस्था मिलाउन माग गरेको प्रमुख सचेतक श्यामकुमार घिमिरेले जानकारी दिए ।

नेपाली काँग्रेसको संसदीय दलको बैठक शुक्रबार सक्नेगरी हामीले बोलाएका थियौं । तर बोल्ने वक्ताहरूको क्रम लामो भएकाले शुक्रबार पनि बैठक सकेनौं । सांसदहरूको बोल्ने क्रम सकिएको छ । अब मन्त्रीहरू, पदाधिकारीहरू र नेताहरूले बोल्ने क्रम बाँकी छ, उनले भने, यो संसदको बैठक २४ गते हुन्छ । त्यही दिन बिहान साढे ८ बजेदेखि बस्नेगरी बैठकलाई स्थगन गरिएको छ । अध्यादेशको विषयमा मान्य सदस्यहरूले कुरा उठाउनुभएको छ । आफ्नो क्षेत्र विकासनिर्माणका कुराहरू उठाउनुभएको छ । सम्बन्धित जिल्लाका मान्य सदस्यहरूले पाथीभराको केबलकारका विषयमा जुन किसिमको द्वन्द्व भइरहेको छ । त्यसमा पनि प्रश्न उठाउनु भयो ।

उनले शुक्रबार सांसदहरूले बोल्ने क्रम सकिएको तर मन्त्री र पार्टीका पदाधिकारीहरूले बोल्न बाँकी रहेकाले २४ गते पुन: संसदीय दलको बैठक बस्ने जानकारी दिए । बैठकमा सांसदहरूले सरकारले ल्याएको अध्यादेश, आफ्नो क्षेत्र विकास निर्माणका कुराहरू उठाएको पनि उनको भनाइ छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
श्री पञ्चमी (सरस्वती पूजा) २०८१ को पावन अवसरमा
शैक्षिक सत्र २०८२ का लागि प्ले-ग्रुप देखि कक्षा ७ सम्म धमाधम भर्ना लिइदैछ।
डे बोडर्स र बोडर्सको समेत व्यवस्था भएको
श्री पञ्चमी को पावन अवसरमा सरस्वती पूजाको दिन निशुल्क भर्ना लिइदैछ ।
St. Xavier's School
राजविराज ८, मदननगर-पर्साही जाने बाटो
सम्पर्क नं. ९८०४७३८१९९, ९८१७७२६२२६, ९८१४७६५१२२, ९८१९९६९२६३, ९८१८०२५११६

## सम्पादकीय ....

### काम गर्ने स्थलमा बोर्ड लगाउ

कुनै पनि सार्वजनिक स्थानमा हुने गरेको निर्माण सम्बन्धी कामको विवरणसहित बोर्ड लगाउनु आवश्यक छ। बोर्ड मार्फत निर्माण कार्यको सम्पूर्ण लागत खर्च समेतको जानकारी सूचनामार्फत जनताले पाउन सक्छन्। यसबाहेक कार्य हुने गरेको स्थानको अवस्था र कहिलेसम्म सम्पन्न हुने कुराको समेत जानकारी पाइन्छ। यसबाट जनताले उक्त कार्यको पारदर्शितामा प्रश्न खडा गर्न पाउँदैनन्।

तर, निर्माणको कार्य भइरहेको भन्दै सांकेतिक बोर्ड राख्ने चलन रहेको छैन्। यदी कुनै बाटो सम्बन्धी काम भइरहेको छ भने राती घर पुग्दा बाटो राम्रो तर बिहान उठेर पुनः सोही बाटो हुँदै जाने क्रममा अनाहकमा दुर्घटनामा पर्ने जोखिम पनि बढ्ने हुन्छ। यस्ता लापरवाहीले जो कोही पनि दुर्घटनामा पर्न सक्छन्। जिल्लाका विभिन्न स्थानहरुमा भइरहेका सडक मर्मत तथा निर्माणका कार्य सकारात्मक पक्ष हो तर, यसलाई समयमै पुरा गर्न निर्माण कम्पनिले तदारुकता देखाउनु पनि उत्तिकै आवश्यक छ भने सांकेतिक बोर्ड लगाउनु पनि उत्तिकै जरुरी रहेको छ।

विभिन्न निर्माण कार्य भइरहेको सम्बन्धमा निर्माण कम्पनीले सांकेतिक रुपमा निर्माण सम्बन्धी होर्डिङ बोर्ड नलगाउँदा दुर्घटनाको सम्भावना बढ्न जान्छ। तसर्थ कुनै पनि दुर्घटना निम्त्याउनु भन्दा पहिले दुर्घटना हुनै नदिन लापरवाही तरिकाले गरिने कार्यलाई अविलम्ब सच्याउनु पर्ने जरुरी छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# संघीय संसद्को पाँचौं अधिवेशन : मुद्दा सुल्झाउने कि बल्झाउने ?

**शेखर अधिकारी**

काठमाडौं, १८ माघ (रासस)।

सङ्घीय संसद्को पाँचौं अधिवेशनको पूर्वसन्ध्यामा नेपालको राजनीति एकाएक तरङ्गित बन्यो। संसद्को चौथो राजनीतिक दल राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको पक्राउ प्रकरण, सरकारले ल्याएका अध्यादेश र जनजीविकाका कतिपय सवालमा सरकारको जवाफ खोज्दै प्रमुख विपक्षी दललगायतका राजनीतिक शक्तिहरूले देखाएका तदारुकताले पाँचौं अधिवेशन बढी प्रतिक्षित भएको छ।

सरकारको सिफारिसमा राष्ट्रपतिले माघ १८ गतेका लागि सङ्घीय संसद्का दुवै सदनको बैठक आह्वान गर्नुभएको छ। विधेयक अधिवेशनका रूपमा चिनिएको आगामी सत्रमा कानुन निर्माण मात्र होइन, चार महिनादेखि थाती रहेका विषय र मुद्दाहरूले प्राथमिकता पाउने देखिन्छ। अधिवेशनको पूर्वसन्ध्यामा सभामुख देवराज घिमिरेले गर्नुभएको निरन्तरको संवाद, छलफल र बैठकहरूमा सत्तापक्ष र प्रतिपक्षले उठाएका सवालले संसदीय टकरावहरू आकलन गर्न सकिन्छ। राजनीतिक दलहरू सम्भावित मुठभेडतिर जाँदा संसद्को आगामी विधेयक अधिवेशन पनि प्रभावित हुने त होइन भन्ने संशय उत्तिकै छ।

सङ्घीय संसद्मा सङ्घीयता कार्यान्वयनसँग जोडिएका कतिपय विधेयक विचाराधीन अवस्थामा छन्। मुलुकले व्यग्र खोजिरहेको तर वर्षौंसम्म टुङ्ग्याउन नसकिरहेका विधेयकलाई निष्कर्षमा पुर्‍याउने अभिभारा संसद्सँग छ। सङ्घीय निजामती सेवा विधेयक, २०८० र विद्यालय शिक्षा विधेयक, २०८० सङ्घीयता कार्यान्वयनसँग जोडिएका महत्वपूर्ण विधेयक हुन्। पाँचौं अधिवेशन सुरु हुनै लाग्दा प्रहरीसँग सम्बन्धित दुई र नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक दर्ता भइसकेको छ। धेरै जटिल मानिएका यी कानुन बनाउन संसद्को आगामी अधिवेशन सफल हुन्छ कि हुँदैन भन्ने आम चासो छ।

संसद् जनप्रतिनिधिहरूको सर्वोच्च थलो हो। संसद् सदस्यहरू आवधिक निर्वाचनका माध्यमबाट निश्चित समयका लागि चुनिन्छन्। संसद् नागरिकहरूका तर्फबाट सावभौमसत्ता प्रयोग गर्ने वैधता प्राप्त राज्यको एक मात्र उच्चतम अङ्ग हो। संसद्ले मुलुकका लागि आवश्यक कानुन निर्माण गर्ने, सरकार निर्माण र विघटन गर्ने, सरकारका कामकारबाहीको निगरानी गर्ने, जनआवाजलाई मुखरित गर्नेलगायत काम गर्दछ।

आम रूपमा संसद्को विशेष चरित्र हुन्छ, जसले जनताको विविधता प्रतिबिम्बित गर्दछ। संसदीय प्रक्रिया जनताका लागि खुला र पारदर्शी हुन्छन्, जसले विश्वास बढाउने काम गर्दछ। जनप्रतिनिधिहरू जनताप्रति उत्तरदायी हुनुपर्दछ। संसद्मा नीतिनिर्माणमा गहिरो छलफल र बहस हुने गर्दछन्। संसद् संविधान, नियमावली, अभ्यास र परम्पराअनुसार सञ्चालन हुने गर्दछ। संसद्को प्रक्रिया व्यवस्थित हुनुपर्दछ। संसद् कुनै पनि बाह्य शक्ति वा कार्यपालिकाको अत्यधिक प्रभावबाट स्वतन्त्र हुन्छन्।

आम रूपमा संसद्को चरित्रमाथि उल्लेख गरेअनुसार हुनुपर्दछ। नेपालको संसद् पनि संवैधानिक रूपमा जनताको हक, अधिकारको रक्षा गर्दै समावेशी लोकतन्त्र, सङ्घीयता र विकासलाई मजबुत बनाउने भूमिकामा क्रियाशील छ। हामीले संसदीय अभ्यासबाटै संविधान निर्माणदेखि महत्वपूर्ण नीतिहरू बनाएका छौं।

**पाँचौं अधिवेशनमा 'बिजनेस' अवस्था**

सन्निकटमा रहेको विधेयक अधिवेशनमा प्रतिनिधिसभामा २३ वटा विधेयक विचाराधीन अवस्थामा छन्भने राष्ट्रियसभामा भर्खरै दर्ता भएको सामाजिक सञ्जाल विधेयक, २०८१ सहित पाँचवटा छन्। संसद् अधिवेशनको कार्यसूचीबारे छलफल गर्न बसेको बैठकमा नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले ३० वटा विधेयक पारित गर्ने महत्वाकाङ्क्षी प्रस्तावसमेत राख्नुभएको थियो।

झन्डै आधा कार्यकाल बिताउन लागेको प्रतिनिधिसभाको पाँचौं अधिवेशनलाई जुनसुकै हालतमा पनि फलदायी बनाउने सभामुख तथा प्रमुख राजनीतिक दलहरूको साझा प्रतिबद्धताले आशा पलाएको छ। संसद्मा अहिले पनि पहिलो अधिवेशनमै दर्ता भएका अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक र भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७७ समितिमा विचाराधीन अवस्थामा छन्। समितिमा विचाराधीन अवस्थामा रहेकामध्ये १४ मध्ये पहिलो अधिवेशनमा दर्ता भएका दुई, दोस्रो अधिवेशनमा दर्ता भएका चार, तेस्रो अधिवेशनमा दर्ता भएका पाँचवटा र चौथो अधिवेशनमा दर्ता भएका चारवटा विधेयक छन्। तीमध्ये आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ सरकारले फिर्ता लिने प्रक्रिया सुरु गरेको छ। अध्यादेशका रूपमा उक्त विधेयक संसद्मा आइपुगेको छ।

प्रतिनिधिसभाका १० विषयगत समितिमध्ये पाँचवटा समितिमा विधेयक छलफलका क्रममा रहेका छन्। सबैभन्दा बढी 'बिजनेस' अर्थ समिति र राज्य व्यवस्था तथा सुशासन समितिसँग छ। अर्थमा पाँचवटा र राज्य व्यवस्थामा चारवटा विधेयक छन्। सभामा गैरसरकारी विधेयक पनि छन्। गैरसरकारी विधेयकका रूपमा दर्ता भई राष्ट्रियसभाबाट पारित भएको राष्ट्रिय मर्यादासम्बन्धी विधेयक प्रतिनिधिसभामा थन्किएको छ।

प्रतिनिधिसभामा दर्तामात्रै भएका दुईवटामध्ये गैरसरकारी विधेयक (औषधि तथा स्वास्थ्य सामग्री (नियमन तथा नियन्त्रण) विधेयक, २०८० निष्क्रिय भएको छ। मानव शरीर जलन नियन्त्रण तथा सजाय विधेयक, २०८१ ले समेत पालो पाएको छैन। समितिले प्रतिवेदन पेस गरिसकेका संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन विधेयक, २०७९, विधायनसम्बन्धी विधेयक, २०८० र बैङ्किङ कसुर तथा सजाय विधेयक (दोस्रो संशोधन), २०८० संसद्ले तुरुन्तै टुङ्गो लगाउन सक्ने अवस्था छ।

पाँचौं अधिवेशनमा भर्खरै आएका छवटा अध्यादेशले समेत पालो पाउनेछन्। अध्यादेशका रूपमा आएका सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ संसद्को प्राथमिकतमा रहनेछन्।

**सन्तोषजनक छैनन् विगतका अधिवेशन**

विसं २०७९ मङ्सिर ४ गते भएको निर्वाचनपछि सङ्घीय संसद्को बैठक २०७९ पुस २५ गते बसेको थियो। विगतका चारवटा अधिवेशनले सामान्य विधायिकी कार्यबाहेक कानुन निर्माणमा सन्तोषजनक प्रगति गरेको छैन। प्रतिनिधिसभाका सभामुखसहित पदाधिकारीहरूले चारवटा अधिवेशनको प्रगतिमा सन्तोषजनक अवस्था नरहेको सार्वजनिक रुपमै व्यक्त गर्नुभएको छ।

सङ्घीय संसद्ले दुई वर्षको अवधिमा १७ वटा कानुन पास गरे। तीमध्ये अनिवार्य गर्नैपर्ने बजेटसँग सम्बन्धित बाहेक १२ वटा विधेयक पारित भएका छन्। पहिलो एक वर्षसम्म त संसद्ले जम्माजम्मी एउटा मात्रै कानुन पारित गरेको थियो, जसले संसद्को कार्यक्षमता प्रश्न उठाएको थियो। तर त्यसपछि भने कानुन निर्माणले गति लिएको छ। चौथो अधिवेशनमा संसद्ले पारित गरेको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ पारित गरेको थियो, जुन निकै महत्वपूर्ण छ। चौथो अधिवेशनको आखिरी समयमा पारित भएको सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ पाँचौं अधिवेशन सुरु नुहँदै कार्यान्वयनमा गइसकेको छ।

**असल अभ्यास**

सुधारका लागि गर्नुपर्ने यावत् काम बाँकी रहे पनि संसद्मा असल अभ्यास प्रारम्भ भएका छन्। प्रतिनिधिसभामा लामो समयदेखि बहसमा रहेको कार्यतालिका प्रतिनिधिसभाले तेस्रो अधिवेशनबाटै प्रारम्भ गरेको छ। संसद्लाई पाक्षिक कार्यतालिकाअनुसार सञ्चालन गर्नुभएका सभामुख घिमिरेले कम्तीमा मासिक वा एक अधिवेशनभरको तालिका बनाउन उपयुक्त हुने बताउने गर्नुभएको छ। सभामा मात्रै होइन, अहिले पूर्वाधार विकास समितिले समेत समितिमा पनि कार्यतालिका बनाएको छ।

प्रतिनिधिसभामा संसद् नियमावली, २०७९ को व्यवस्थाअनुसार प्रधानमन्त्रीसँग प्रश्नोत्तर नियमित गरिएको छ। जबकि संसद्को अघिल्लो कार्यकालमा जम्मा एकपटक मात्रै प्रधानमन्त्रीसँग प्रश्नोत्तर भएको थियो। नियमावलीमा हरेक महिनाको पहिलो साता प्रधानमन्त्रीसँग प्रश्नोत्तरको व्यवस्था गरिएको छ। ढ्यापढ्यापे समय मागेर अव्यवस्थित भएको संसद्मा आकस्मिक समय राखेर व्यवस्थित बनाउने गरिए पनि सुधार आवश्यक देखिएको छ। नियमावलीले गरेको व्यवस्थाभन्दा बाहिरको विषयलाई पनि आकस्मिक समयमा उठाएको भन्दै स्वयं सांसदहरूले नै आलोचना गरिरहनुभएको छ।

संसद्ले बनाएको कानुन कार्यान्वयको अवस्थाबारे अध्ययन गर्न उत्तरविधायिकी परीक्षणको अभ्यास राष्ट्रियसभाले गरिसकेको छ। प्रतिनिधिसभाले पनि उत्तरविधायिकी परीक्षण कार्यविधि बनाएको छ। सङ्घीय संसद् र प्रदेशसभाबीच अनुभव आदानप्रदानका लागि अन्तर व्यवस्थापिका मञ्च नामक फोरमको स्थापनादेखि बजेट अफिसको अवधारणामा संसद्ले काम गरिरहेको छ। सभाको कामलाई व्यवस्थित बनाउन 'डिजिटल आर्काइभ', 'एप' निर्माण र 'पेपरलेस' संसद्को अवधारणामा काम भइरहेको छ।

**अपेक्षित मुद्दाहरू**

नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) सहितको वर्तमान गठबन्धन निर्माण हुँदा संविधान संशोधनको मुद्दाले प्रवेश पाएको छ। तर सँगसँगै संविधान कार्यान्वयनसँग सम्बन्धित कानुन निर्माणमा भएका प्रगतिबारे बहस पनि

बाँकी तीन पृष्ठमा

# संविधान संशोधन सबै दलको सहमतिमा : सभापति देउवा

काठमाडौँ, १८ माघ (रासस)।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संविधानको प्रभावकारी कार्यान्वयनका लागि सबै दलको सहमतिमा संविधान संशोधन हुने बताउनुभएको छ। प्रतिनिधिसभाको पाँचौं अधिवेशनको पहिलो बैठकमा शुक्रबार सम्बोधन गर्नुहुँदै उहाँले संविधानका राम्रा र नराम्रा पक्षको समीक्षासहित संशोधनको प्रक्रिया पनि प्राथमिकताका साथ अघि बढाइने उल्लेख गर्नुभयो।

"संसद्मा विचाराधिन विधेयकहरू द्रुत गतिमा निर्माण जरुरी छ", सभापति देउवाले भन्नुभयो, "सबै विधेयक यो अधिवेशनबाट पारित हुने मैले विश्वास लिएको छु।" हिउँदे अधिवेशन कानुन निर्माण गर्ने अधिवेशनका रूपमा लिइने भएकाले विचाराधिन विधेयक र नयाँ विधेयकमाथिको संसदीय प्रक्रियामा शीघ्रता दिइनुपर्ने उहाँको भनाइ थियो।

त्यस्तै, वर्तमान सरकार गठन भएको साढे छ महिना पूरा भएको स्मरण गर्नुहुँदै सभापति देउवाले कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच भएको सात बुँदे सहमति कार्यान्वयनमा जोड दिनुभयो।

वर्तमान सरकारले नागरिकको विकास र समृद्धिको आकांक्षालाई पूरा गर्नेगरी काम गरिरहेको पनि उहाँले बताउनुभयो। "सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण र यसै व्यवस्थाका माध्यमले मुलुकमा दिगो शान्ति स्थापना गर्ने, भ्रष्टाचार नियन्त्रण गर्दै सुशासनको प्रत्याभूति गर्ने, देशको अर्थतन्त्रलाई चलायमान बनाउदै आर्थिक प्रगति गर्ने, विकास निर्माणलाई तीव्र गति दिने र देशको आर्थिक अवस्थालाई सुदृढ गर्दै समृद्धि प्राप्त गर्ने यो सरकारको मुख्य ध्येय हो", उहाँले भन्नुभयो, "सरकार यस मार्गमा सकारात्मक रुपले काम गरिरहेको छ र आगामी दिनमा पनि राम्रो काम गर्दै जानेछ भन्ने मैले विश्वास लिएको छु।"

मुलुकको समग्र विकासका लागि लोकतन्त्रको सुनिश्चितता र सुदृढ अर्थतन्त्र आवश्यक हुने उल्लेख गर्नुहुँदै सभापति देउवाले सबै दलहरूलाई यी विषयलाई केन्द्रमा राखेर अघि बढ्न आग्रह गर्नुभयो। "हामी लोकतन्त्रमा आवश्यक राजनीतिक अधिकारको उपभोग त गरिरहेको छौं तर, आर्थिक अवस्था सुदृढ हुन सकेको छैन। परिणामस्वरुप विकास वा संवृद्धिको यात्रा चाहनाअनुसार अगाडि बढ्न सकेको छैन। हाम्रो देशको आर्थिक अवस्था उकास्न जरुरी छ", सभापति देउवाले भन्नुभयो।

व्यावसायिक वातावरण प्रवर्द्धन गर्न, लगानीको अनुकूल वातावरण बनाउन अध्यादेशबाट केही कानुन ल्याइएको र यसले देशको आर्थिक अवस्थामा सुधार ल्याउने अपेक्षा गरिएको उहाँको भनाइ छ। सुशासनको सुनिश्चितता र सेवा प्रवाहमा सहजताका लागि सरकारले अध्यादेशमार्फत् कानुन ल्याएको उहाँको भनाइ छ।

"कानुनहरूले देशमा सुशासन कायम गर्ने, भूमिहीन सुकुम्बासी एवम् अव्यवस्थित बसोबासको समस्या समाधान गर्ने, सहकारीको क्षेत्रमा देखा परेको समस्या समाधान गर्नेछ। यी कानुनहरूले आर्थिक क्षेत्रमा क्रियाशील निजी क्षेत्र उत्साहित र सकारात्मक भएको मैले पाएको छु", कांग्रेस सभापति देउवाले भन्नुभयो, "ती अध्यादेशहरू सदनबाट स्वीकृत हुने छन् र पछि पेस हुने प्रतिस्थापन विधेयकमा आवश्यक भए थप परिमार्जन गरी पारित गर्न म आग्रह गर्दछु।"

संसद्मा कानुन निर्माणको विषयले राम्रो गति लिन नसकेको गुनासो सुनिने गरेको उल्लेख गर्नुहुँदै उहाँले संविधानको कार्यान्वयनसँग र नागरिकको प्रत्यक्ष सरोकारका विधेयक चाँडो पारित गरेर कार्यान्वयनमा ल्याइनुपर्ने बताउनुभयो। "लोकतन्त्रको आधारभूत मान्यता विधिको शासन हो। कानुन निर्माणको थलो संसद् नै हो। तसर्थ हामीले आवश्यक कानुन बनाउन ढिलाई गर्नु हुँदैन", देउवाले भन्नुभयो, "संविधान संशोधन गर्दा बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धासहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र समावेशितालगायतका संविधानका आधारभूत विशेषता कमजोर हुनु हुँदैन।"

पूर्वप्रधानमन्त्री समेत रहनुभएका देउवाले राजनीतिक दलहरूका बीचमा सहमतिका आधारमा संविधान संशोधन आवश्यक रहेको बताउनुभयो। "यसबारेमा हामीले छलफल प्रारम्भ गरी सकेका छौं। हामीले अन्य राजनीतिक दलहरूसँग पनि संवाद, सहमति र सहकार्यका साथ अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो।

लोकतान्त्रिक पद्धति संसारको उत्कृष्ट शासन व्यवस्था भएकाले यसको विकल्प नहुने पनि उहाँले स्पष्ट पार्नुभयो। लोकतन्त्रको विकल्प केवल लोकतन्त्र मात्र भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "यसै राजनीतिक प्रणालीले नै राष्ट्रलाई समुन्नत बनाउन सक्दछ। तसर्थ लोकतन्त्रको विकल्प खोज्ने होइन बरू यसलाई थप सुदृढ बनाउदै नारिकको जीवनसँग जोड्नु पर्दछ।"

## *संघीय संसद्को ...*

उत्तिकै भइरहेको छ। अघिल्लो सभामै लामो छलफल भएको निजामती कर्मचारीसम्बन्धी विधेयक टुङ्गोमा नलागी शून्यको अवस्थामा पुगेको थियो। अहिले उक्त विधेयकको प्रारम्भिक छलफल मात्रै भएको छ। विद्यालय शिक्षासम्बन्धी विधेयकले गति लिएको छैन।

राष्ट्रियसभाको सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन, २०७९ समेतका आधारमा तत्कालीन पुष्पकमल दाहाल नेतृत्वको सरकारले ११७ वटा कानुन मस्यौदाको जानकारी दिएको थियो। एक वर्षको अवधिमा त्यस सम्बन्धमा प्रगति भने उल्लेख्य भएको छैन। संसद्को मुख्य काम कानुन निर्माण गर्नु नै हो। संसद्ले कानुन निर्माणँगै सरकार निर्माण तथा फेरबदल गर्ने, जनताको आवाज सरकारसम्म पुऱ्याउने, कार्यपालिकाको कामको निगरानी गर्ने, बजेट पारित गर्ने र सार्वजनिक स्रोतहरूको उचित प्रयोग सुनिश्चित गर्ने, राष्ट्रिय नीति र प्राथमिकताहरूका बारे छलफल गर्ने तथा राजनीतिक अहसमति र विवादलाई लोकतान्त्रिक तरिकाले समाधान गर्ने गर्दछ।

आम नागरिकका मुख्य मुद्दाहरूलाई संसद्मा मुखरित गर्नुपर्ने दायित्व रहेको संसद् कहिलेकाहीँ बरालिने गरेको छ। संवैधानिक जिम्मेवारीहरू भन्दा पनि दलीय द्वन्द्वको प्रत्यक्ष असर संसद्मा पर्ने गरेको छ। सांसदहरूले अबको अधिवेशनलाई सम्भावित दलीय मुठभेडबाट जोगाउँदै जनताको अपेक्षा र सरोकारका विषयलाई प्राथमिकता दिनुपर्ने देखिन्छ। संसद् र सरकारप्रति जनताको धारणामा परिवर्तन ल्याउन पनि एकपटक पुनः राजनीतिक सहमति संसद्मा देखिनुपर्दछ।

सम्भावित अवरोध र चुनौतीहरूलाई छिचोल्दै संसद् सञ्चालनमा देखिन सक्ने बाधाहरूतर्फ सचेत रहँदै सत्तापक्ष र प्रतिपक्ष संसद्को मूल काममा केन्द्रित हुन सके मात्रै संसद् प्रभावकारी बन्नेछ। अन्यथा चार महिनामा रहेका मुद्दाहरूलाई एकपछि अर्को गरी खोतल्दै जाने र विवाद सुल्झाउनतर्फ नजाने हो भने संसद्प्रतिको नागरिकको भरोसामात्रै टुट्दैन नीतिको अभावमा, कानुनको अभावमा रोकिएको समृद्धि यात्रा जहाँको तहीँ रहनेछ। (लेखक सङ्घीय संसद् सचिवालयका सञ्चारविज्ञ हुनुहुन्छ)


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### अमेरिकाको घातक हवाई दुर्घटनामा सबै ६७ जनाको मृत्यु

अर्लिङ्टन (भर्जिनिया, अमेरिका), १८ माघ (रासस/एपी)।

आकाशमै एउटा सैनिक हेलिकप्टर र एउटा यात्रुवाहक विमान ठोक्किँदा दुवै विमानमा सवार सबै ६७ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्।

बुधबार राति रोनाल्ड रेगन राष्ट्रिय विमानस्थलमा अवतरण गर्दै गरेको अमेरिकन एयरलाइन्सको क्षेत्रीय जेट विमानको मार्गमा हेलिकप्टर उडेपछि पोटोमाक नदीको चिसो पानीबाट कम्तीमा २८ शव निकालिएको अधिकारीहरूले बताए। विमानस्थल वासिङ्टनबाट नदीपारि छ। विमानमा ६० यात्रु र चार चालक दलका सदस्य थिए भने हेलिकप्टरमा तीन सैनिक थिए।

राष्ट्रपति डोनाल्ड ट्रम्पले ह्वाइट हाउस पत्रकार सम्मेलनमा कोही पनि जीवित नबचेको बताउनुभयो।

"अब हामी उद्धार कार्यबाट शव निकाल्ने कार्यमा रूपान्तरण भइरहेका छौँ", राजधानीका दमकल प्रमुख जोन डोनेलीले भन्नुभयो।

ह्वाइट हाउस र क्यापिटलको दक्षिणमा तीन माइल (लगभग ४.८ किलोमिटर) भन्दा बढी विश्वको सबैभन्दा कडा नियन्त्रण र निगरानी गरिएको एयरस्पेसमा राति ९ बजेभन्दा पहिले दुर्घटना भएको थियो।

हवाई दुर्घटनाको अनुसन्धानमा महिनौँ लाग्न सक्छ र सङ्घीय अनुसन्धानकर्ताहरूले पत्रकारहरूलाई उनीहरूले कारणबारे अनुमान नगर्ने बताए।

राष्ट्रिय यातायात सुरक्षा बोर्डका अनुसन्धानकर्ताहरूले बोम्बार्डियर सिआरजे७०० विमानबाट ककपिट भ्वाइस रेकर्डर र फ्लाइट डाटा रेकर्डर बरामद गरेको एजेन्सीका प्रवक्ता पिटर नुडसनले बताउनुभयो। उनीहरू ती मूल्याङ्कनका लागि एजेन्सीको प्रयोगशालामा छन्।

डोनेलीका अनुसार विमान कम्मरसम्मको पानीमा तीन खण्डमा उल्टो अवस्थामा फेला परेको थियो र प्रथम प्रतिक्रियाकर्मीहरूले पोटोमाकको माइलौँ क्षेत्र खोजिरहेका छन्। हेलिकप्टरको भग्नावशेष पनि फेला परेको छ। नदीका तस्बिरहरूमा आंशिक रूपमा डुबेको पखेटा र विमानको फ्युजलाजको क्षतविक्षत भग्नावशेष वरिपरि डुङ्गाहरू देखिन्छन्।

अमेरिकन एयरलाइन्सका सिइओ रोबर्ट इसोमले जेटको 'सैन्य विमान बाटोमा आएपछि' विमान सामान्य अवतरणको तयारीमा रहेको बताउनुभयो।

एसोसिएटेड प्रेसले प्राप्त गरेको सङ्घीय उड्डयन प्रशासनको प्रतिवेदन अनुसार दुर्घटना हुँदा एक एयर ट्राफिक कन्ट्रोलर हेलिकप्टर यातायात र आउने-जाने विमानहरूको समन्वय गर्न जिम्मेवार थिए। यी जिम्मेवारी प्रायः दुई व्यक्तिबीच विभाजित गरिन्छ तर यातायात कम हुन थालेपछि विमानस्थलले साँझ ९:३० बजे यी भूमिकाहरू एकीकृत गर्छ। बुधबार टावर सुपरभाइजरले तिनलाई चाँडै नै एकीकृत गर्न निर्देशन दिएका थिए।

"दिनको समय र ट्राफिकको मात्राका लागि स्थिति पद व्यवस्था सामान्य थिएन", प्रतिवेदनमा भनिएको छ। यद्यपि यस मामिलासँग परिचित एक व्यक्तिले त्यस रात टावरमा कर्मचारीहरू सामान्य स्तरमा रहेको बताएका छन्।

आन्तरिक प्रक्रियाहरूबारे छलफल गर्न नाम न छाप्ने सर्तमा बोल्दै उनले भने, "कन्ट्रोलरहरूलाई कन्सोलबाट ब्रेकका लागि टाढा जानुपर्दा, सिफ्ट परिवर्तन हुँदा वा हवाई यातायात कम हुँदा यी पदहरू नियमित रूपमा एकीकृत गरिन्छ।"

सङ्घीय उड्डयन प्रशासन लामो समयदेखि एयर ट्राफिक कन्ट्रोलरहरूको कमीसँग जुधिरहेको छ।

### ब्रिक्स शुल्कको खतरा दोहोऱ्याउँदै ट्रम्प

वासिङ्टन, १८ माघ (रासस/एएफपी)।

क्यानाडा र मेक्सिकोमाथि भन्सार महसुल लगाउने समय सीमा नजिकिँदै गर्दा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार ब्रिक्स राष्ट्रहरूमा सतप्रतिशत कर लगाउने आफ्नो धम्की दोहोऱ्याउनुभएको छ।

यसअघि ट्रम्पले ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकासहितका ब्रिक्स राष्ट्रहरूलाई अमेरिकी डलरको प्रतिस्पर्धी मुद्रा सिर्जना गरेमा सतप्रतिशत कर लगाउने धम्की दिनुभएको थियो।

"ब्रिक्स देशहरूले डलरबाट टाढा जाने प्रयास गरिरहेको र हामी हेरेर बस्ने अवस्था अब समाप्त भएको छ", उहाँले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेख्नुभयो, "हामी यी देखिने रूपमा शत्रुवत देशहरूबाट प्रतिबद्धता माग्नेछौँ कि उनीहरूले न त नयाँ ब्रिक्स मुद्रा सिर्जना गर्नेछन्, न त शक्तिशाली अमेरिकी डलरको प्रतिस्थापन गर्न कुनै अन्य मुद्रालाई समर्थन गर्नेछन्, अन्यथा उनीहरूले सतप्रतिशत भन्सार महसुलको सामना गर्नुपर्नेछ"।

ब्रिक्स भन्सार महसुलबारे ट्रम्पको टिप्पणी पद आसीन भएलगत्तै तोकिएको फेब्रुअरी १ को समय सीमाभन्दा केही दिनअघि आएको छ। जसअनुसार छिमेकी क्यानाडा र मेक्सिकोले अमेरिकी सीमा पार गर्ने अवैध आप्रवासीहरू र घातक फेन्टानलको प्रवाहमाथि कडा कारबाही नगरे तिनीहरूमाथि २५ प्रतिशत भन्सार महसुल लगाउने बताउनुभएको छ।

ट्रम्पले छुट्टै ब्रिक्स समूहको सदस्य चीनमाथि व्यापार असन्तुलन र अमेरिकी फेन्टानल आपूर्तिमा कथित भूमिकाका कारण फेब्रुअरी १ देखि नै वस्तुहरूमा थप १० प्रतिशत कर लगाउने धम्की दिनुभएको छ।

# प्लास्टिक उद्योगमा आगलागी हुँदा चार करोडभन्दा बढीको क्षति

**दैनिक समाचारदाता**
**सर्लाही, १८ माघ ।**

सर्लाहीको ईश्वरपुरमा एक प्लास्टिक उद्योगमा आगलागी भएको छ । शुक्रबार बिहान भएको आगलागीबाट ईश्वरपुर नगरपालिका ७ ब्रह्मस्थानमा रहेको हिमालयन पोली नेपाल नामको प्लास्टिक झोला उद्योग नष्ट भएको हो ।

आगलागीबाट उद्योगमा रहेको सम्पूर्ण उपकरण, तयारी सामग्री, कच्चापदार्थलगायत सामान नष्ट हुँदा सात करोड पचास लाख बढीको क्षति पुगेको उद्योग सञ्चालक रामछविला साहले दाबी गरेका छन् । यद्पी प्रहरीले आगलागिमा चार करोड भन्दा बढीको क्षति भएको अनुमान गरेको छ ।

विद्युत् 'सर्ट' भएर राति एक्कासि लागेको आगोले उद्योग रहेको नेत्रबहादुर कार्कीको घर पूर्ण रूपमा नष्ट भएको छ भने छिमेकी नवलकिशोर साहको घरमा आंशिक क्षति पुगेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए ।

चन्द्रनगर गाउँपालिका-४, पोखरिया टोल निवासी रामछविला साहले कार्कीको घर भाडामा लिएर उद्योग सञ्चालन गरेका थिए ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय, हरिवन र मलंगवा नगरपालिकाबाट पुगेको वारुणयन्त्रको सहयोगमा साढे २ घण्टापछि आगो नियन्त्रणमा आएको थियो ।

आगलागीबाट अनुमानित चार करोड बढीको क्षति भएको प्रहरको अनुमान रहे पनि क्षति र घटनास्थलको मुचुल्का संकलनको काम भइरहेकाले क्षतिको यकिन विवरण आउन बाँकी रहेको उनले जानकारी दिए ।

# सहकारीलई स्वनियमनमा लैजान आधार तयार पारिने

काठमाडौँ, १७ माघ (रासस) ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणका अध्यक्ष अर्जुनप्रसाद पोखरेलले सहकारीलाई स्वनियमनमा लैजान आधार तयार पार्न लागिएको बताउनुभएको छ ।

अध्यादेशबाट सहकारी ऐन, २०७४ संशोधन गरी कानुन बनाएर प्राधिकरणको विधिवत् स्थापना भएपछि राजधानीमा आयोजित सञ्चारकर्मीलगायत सहकारी अभियानका अभियानकर्मीसँगको अन्तरक्रिया कार्यक्रममा उहाँले सिद्धान्तअनुसार सहकारी आफैँ स्वयनियमनमा बस्नुपर्नेमा जोड दिनुभयो । सहकारी स्वनियमनमा नबसे प्राधिकरणले कानुनी कारबाहीको दायरामा ल्याएर नियमन अघि बढाउने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सचिवसमेत रहनुभएका पोखरेलले बताउनुभयो ।

शून्यमा सहकारीलाई स्वनियमन गर्न नसकिने भएकाले प्राधिकरणले आधार तय गर्न लागेको जानकारीसमेत उहाँले गराउनुभयो । विधिवत् सपथ गरी पदभार ग्रहण गरेर प्राधिकरणको पहिलो बैठक बसी १५ वटा निर्णयसहित अघि बढेको अध्यक्ष पोखरेले बताउनुभयो । हाल बचतकर्ताको पैसा दुरुपयोग गरी छ सयभन्दा बढी सहकारीकर्मी जेलमा बसेको र एक हजार पाँच सय जना सहकारी अभियानकर्मी बेपत्ता भएको जानकारी पनि उहाँले गराउनुभयो ।

सहकारीमा बचत गरी पैसा नपाएकालाई बचत फिर्ता गराउने आधार तयार गर्न पनि प्राधिकरणले काम गर्ने जनाइएको छ । तीनै तहका सरकारको कार्यक्षेत्रमा रहेका करिब ३४ हजार सहकारीमा सुशासन कायम गराउनु प्राधिकरणको मुख्य उद्देश्य रहेको पनि अध्यक्ष पोखरेलले बताउनुभयो ।

राष्ट्रिय सहकारी महासङ्घ लिमिटेडका अध्यक्ष ओमदेवी मल्लले सहकारी ऐन, २०७४ मा भएको व्यवस्थाअनुसार कर्जा सूचना केन्द्र समयमा गठन हुन नसक्दा सहकारीको करोडौँ रुपैयाँ जोखिममा परेको बताउनुभयो । कर्जा असुली न्यायाधीकरण गठन भएपछि सहकारीमा डुबेको पैसा उठ्न थाल्ने उहाँको भनाइ थियो ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेड (नेफ्स्कुन) का अध्यक्ष चन्द्रप्रसाद ढकालले सहकारी समस्या समाधान गर्न भनी आएको अध्यादेशमा बचत फिर्ता गर्ने विषय उल्लेख हुन नसकेको बताउनुभयो । सदस्य र शेयर सदस्य भनी फरकफरक उल्लेख गरिएकाले दुवैको परिभाषा आवश्यक रहेको पनि उहाँको भनाइ थियो । बचत र ऋणको कारोबार गर्ने तथा अन्य सहकारीबीच फरक छुट्ट्याउनुपर्नेमा पनि अध्यक्ष ढकालले जोड दिनुभएको थियो ।

बागमती प्रदेश बचत तथा ऋण सहकारी सङ्घ नेपाल (प्रोस्कुन) का अध्यक्ष उद्धव सापकोटाले अध्यादेशमा कार्य क्षेत्रका आधारमा सीमा तोकिनु उचित नभएकाले यसलाई संशोधन गरिनुपर्नेमा जोड दिनुभयो । अर्को जिल्लामा भएको जायजेथा धितो राख्न नपाउने व्यवस्था पनि व्यावहारिक नभएको उहाँको भनाइ थियो ।

# पत्रकारिताको उपयुक्त वातावरण निर्माण गर्न माग

काठमाडौँ, १८ माघ (रासस) ।

नेपाल पत्रकार महासंघले संविधान र कानुनले प्रदान गरेको अधिकार प्रयोग गरी पत्रकारिता गर्न पाउने उपयुक्त वातावरण राज्यले निर्माण गर्नुपर्ने माग गरेको छ ।

सुनसरीस्थित धरानका पत्रकार गोपाल दाहालमाथि ज्यान लिनेसम्मको धम्कीको घटनाका सन्दर्भमा महासंघले गठन गरेको 'मिडिया मिसन' ले तयार पारेको प्रतिवेदन आज सार्वजनिक गर्दै पत्रकार दाहाललगायतका धरानका पत्रकारमाथि हुने धाकधम्की र आक्रमणका कारण विस्थापित हुनेसम्मको अवस्था आएको जनाएको छ ।

प्रतिवेदनमा भनिएको छ, "यसले दीर्घकालमा समाजलाई नै अहित गर्ने भएकाले नागरिकस्तरमा पत्रकारको सुरक्षा, पत्रकारिताको महत्व र सूचनाको अधिकार विषयमा सार्वजनिक रूपमा बहस गर्न आवश्यक छ ।"

महासंघले सुनसरीको धरान उपमहानगरपालिकाका नगरप्रमुखबाटै सामाजिक सञ्जालमार्फत आतङ्क सिर्जना गर्ने र प्रमुखका समर्थकले पीडित र परिवारलाई थप पीडा दिने गरी सामाजिक सञ्जालमा लेख्ने, भिडियो बनाउने, व्यक्तिगत मोबाइल नम्बर, म्यासेन्जरमा धम्कीपूर्ण भाषा प्रयोग गरेर निरन्तर गाली गरिरहेकाले उक्त कार्यलाई तत्काल नियन्त्रण गर्नुपर्ने आवश्यकता औंल्याएको छ ।

"स्थानीय सरकार प्रमुखले नेपालको संविधानमा भएका व्यवस्था नमान्ने, आफूलाई कानुनमाथि राखेर कानुन विपरीत कार्य गर्नु वाञ्छनीय होइन, आफ्नो लागि आफैँ कानुन बनाउने अभिव्यक्ति दिने गरेका नगरप्रमुखमा नेपालको प्रचलित कानुन र त्यसको अभ्यासका बारेमा जानकारी अभाव वा दम्भ देखिन्छ', प्रतिवेदनमा भनिएको छ ।

पत्रकारले आफू सुरक्षित रहेको महसुस गरेको अवस्थामा मात्र निर्भिक भएर पत्रकारिता गर्ने वा विकृति विरुद्ध कलम चलाउने वातावरण बन्ने महासंघले जनाएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
**राजविराज**

प.सं. २०८१/८२ मिति: २०८१/१०/१३
च.नं.

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना ।**

८९ नं. को रैती चेथरु मोची चमार नाममा दर्ता रहेको साविक प्रगन्ना रायझमुना मौजे काचन लालपुर हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सिरहा साविक गा.वि.स. भगवानपुर वडा नं. ३ हाल परिवर्तित भगवानपुर गा.पा. वडा नं १ वस्ने गुलजार वतीको यस कार्यालयमा द.नं. ६५३९ मिति २०८१/०७/१२ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८१/१०/१३ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ९४८ | काचन | ५क | १८५ | ०-१-५.५ | चेथरु मोची चमार | |

१०/१३

श्री लक्ष्मी प्रसाद खरेल
(प्रमुख मालपोत अधिकृत)
प्रमुख मालपोत अधिकृत

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


## सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं ।

**सार्वजनिक निकायले:**

➤अनिवार्य रुपमा सूचना अधिकारी तोकौं,
➤सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
➤माग गरिने सूचना सहज रुपमा समयमै उपलब्ध गराऔं,

**सूचना मागकर्ताले:**

➤सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
➤सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
➤प्राप्त सूचनाको सदुपयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*